# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ११ मिति: २०७७।१२।२९


## भाग-२

# विपन्न उपचार सहायता कोष संचालन तथा व्यवस्थापन निर्देशिका, २०७७

**प्रस्तावना:**

यस सुनिलस्मृति गाउँपालिकामा रहेका गरिब, विपन्न असहायकहरु, विभिन्न रोगहरुबाट पिडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको अपेक्षलाई व्यवस्थापन गर्न सुनिलस्मृति गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १० को उपदफा २ बमोजिम सुनिलस्मृति गाउँपालिका आर्थीक सहायत मापदण्ड सम्बन्धी कार्यविधि २०७७ बनाई गाउँ कार्यपालिकाको बैठकमा पेश गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो निर्देशिकाको नाम "विपन्न उपचार सहायता कोष सञ्चालन कार्यविधी २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाष: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक सहायता" भन्नाले सुनिलस्मृति गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहायकतालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. मापदण्ड: गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।**

(१) दुर्घटनामा सहयोग मापदण्ड: गाउँपालिकाबासी कुनै दुर्घटनामा परि अंगभङ्ग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक श्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरि एक पटकमा १० हजारसम्म वडा कार्यालयको सिफारिसमा

गाउँपालिका अध्यक्षको निर्णयबाट उपलब्ध गराउन सकिनेछ ।

(२) दिर्घरोगीमा सहयोग मापदण्ड: गाउँपालिकाबासीहरुमध्ये (किड्नी फेल तथा डाईग्नेसिस गर्नुपर्ने अवस्था, मुटु उपचार, क्यान्सर, आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नतामा कारण पारिवारिक आर्थिक श्रोत नभएको, उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई वडा कार्यालयको सिफारिसका आधारमा अवस्था हेरि एक पटकमा १० हजार सम्म अध्यक्षको निर्णयबाट उपलब्ध गराउन सकिने छ । तर सो भन्दा बढी २५ हजार सम्म सहयोग गर्नुपर्ने अवस्था आएमा गाउँकार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ ।

## परिच्छेद ३
## आर्थिक सहायता र कोष

**४. आर्थिक सहायता भुत्तानी प्रक्रिया: आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुने छ ।**

(१) दफा ३ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा गाउँपालिका अध्यक्षको आदेशबाट प्रमुख प्रशासकीयअ अधिकृतले भुत्तानी दिनु पर्नेछ ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी र सम्बन्धीत वडा कार्यालयको सिफारिस ।

(ख) उपचारको हकमा अस्पतालले चेक जाँच गरेको कागजात ।

(ग) वडा कार्यालयको सिफारिस ।

(२) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्ने छ ।

(३) गाउँ सभाले विनियोजन गरेको बजेटको परिधी भित्र रही एक व्यक्तिलाई एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन ।

(४) आर्थिक सहायता भुक्तानी गरेको विवरण गाउँ कार्यपालिकामा जानकारी गराउनुपर्ने छ ।

५. **सहायता सम्बन्धी बजेट व्यवस्थापन:** यस कार्यविधिको अधिनमा रहि खर्च गर्ने गरि बार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

६. **कार्यविधि संशोधन:** यस कार्यविधिमा प्रचलित कानुनको प्रतिकुल नहुने गरि गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

७. **बाधा अडकाउ फुकाउने:** यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

८. **यसै बमोजिम भएको मानिने:** यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले
(केशबराज पार्धे)
प्रमुख प्रशासकीय अधिकृत